जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २२७ २०७७ साल चैत ३१ गते मंगलबार (13 Apr. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिनिधिसभा बैठकमा ... ३ पृष्ठमा : नेपालमा नयाँ खालको ... ३ पृष्ठमा :यमनको माारिब प्रान्तमा ...

# किसानलाई उत्पादनमूखी अनुदान दिने प्रक्रिया सुरु : कृषि मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

प्रदेश २ का भुमि ब्यवस्था कृषि तथा सहकारी मंन्त्री शैलेन्द्र प्रसाद साहले प्रदेश सरकारले किसानलाई उत्पादनमूखी अनुदान दिने प्रक्रिया सुरू भईसकेको बताएका छन ।

नेपाल पाराभेटेरिनरी एण्ड लाईभस्टक एशोसिएशन जिल्ला कार्य समितिको १० औ जिल्ला अधिवेशनको सोमबार राजविराजमा उद्घाटन गर्दै मन्त्री साहले सो कुरा बताएका हुन् ।

प्रत्येक जिल्लाबाट किसानहरूको सुचिकृत गरी परिचयपत्र बितरणपछि बर्गिकरण अनुसार अनुदान दिने योजना रहेको उल्लेख गर्दै प्रदेश २ का जनता ८० प्रतिशत कृषिमा अत्मनिर्भर रहेकोले कृषिमा लगानी सँगै किसानको ब्यवसायलाई सुरक्षित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको जानकारी दिए ।

मंन्त्री साहले प्रदेश २ का ८ वटै जिल्लामा किसानलाई सहुलितका लागि पशुजनलाई सुरक्षित राख्न पशु एम्बुलेन्स उपलब्ध गराउने समेत बताए । एक वडा एक प्राबिधिक राख्ने योजना रहेकोले पशुजनको सुरक्षा र किसानको समस्यालाई समाधान गर्न किसानको लगानीको ग्यारेन्टी गर्ने जिम्मा राज्यको रहेको उनको भनाई छ ।

यस पटकको बजेटमा कृषिमा सबै भन्दा बढी बजेट छुट्याउने योजना रहेकोले किसानको समृद्दि बिना प्रदेशको समृद्धि हुन नसक्ने भन्दै मन्त्री साहले प्रदेश २ को समृद्दि बिना मुलुकको समृद्धि हुन नसक्ने जिकिर समेत गरे ।

सो अवसरमा नेभ्लाका केन्द्रीय अध्यक्ष रामप्रसाद मेहताले किसान सुरक्षित भए कृषि पेशा सुरक्षित हुने भएकाले किसानको समस्यालाई पहिलो प्राथमिकतामा राखेर पशुधन सुरक्षित गर्नुपर्नेमा जोड दिए ।

किसानलाई सहुलियत दरमा ऋण उपलब्ध, कृषि, पशुको बिमा, एक गाउँ एक प्राबिधिक, सरकारी अनुदान तथा सरकारी संयन्त्रण किसानको पहुँच बढाई किसानको

*बाँकी दुई पृष्ठमा*

# कोशी पीडितलाई मुआब्जा दिने सम्झौता कार्यान्वय गर्न माओवादी केन्द्रको माग



**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) सप्तरीले जिल्लामा देखिएका विभिन्न बिकृती, बिसंगतिलाई समेटेर विभिन्न ९ बुँदे माग अघि सार्दै सोमबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापन पत्र बुझाएको छ ।

स्थानिय शिव मन्दिरको

*बाँकी दुई पृष्ठमा*






## सम्पादकीय ....

# सबै दलबीच आपसी समझदारी आवश्यक

देशमा अहिले राजनीतिक सरगर्मी पुनः एक पटक सुरु भएको छ । वर्तमान सरकारलाई लक्षित गरि नेकपा माओवादी केन्द्र, नेपाली काँग्रेस र जनता समाजवादी पार्टी नेपाल मिलेर नयाँ सरकार बनाउने रसाकसी सुरु भएको छ । गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेपछि पुनः सर्वोच्च अदालतले संसदलाई पुर्नवहाली गरेपछि सरकारप्रति अविश्वासको वातावरण सृजना भएको हो ।

त्यसपछि सर्वोच्च अदालतलेको फैसलाबाट नेकपा एमाले र नेकपा माओवादी केन्द्रले गरेको पार्टी एकीकरण समेतलाई पुरानै अवस्थामा फर्काएपछि अहिले राजनीति बृत तातिएको छ । वर्तमान सरकारमा माओवादी केन्द्रको समर्थन रहेको छ । तर माओवादी केन्द्रले आफ्ना चार मन्त्रीलाई बर्खास्त गरेपछि उनीहरु एमालेमा मिसिएका छन् । र पुनः मन्त्री पद पाएका छन् । यसरी एमालेले वरिष्ठ नेता माधवकुमार नेपाल लगायत अन्य नेतालाई समेत निलम्बन गरेको छ । गुटउपगुटको राजनीतिका कारण अहिलेको राजनैतिक बृतमा अविश्वासको वातावरण सृजना भएको छ ।

राजनीतिक सरगर्मीका कारण अहिले नेपालदी जनता पनि अन्यौलमा परेका छन् । तसर्थ राजनीतिक क्षेत्रमा स्थितरता ल्याउनका लागि सबै दलको सहकार्य आवश्यक छ भने मुलुकलाई अप्रत्यक्ष हानी हुनबाट जोगाउन सबै एक जुट हुनुको विकल्प छैन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रतिनिधिसभा बैठकमा चुच्चे नक्साको चर्चा

काठमाडौँ, ३० चैत (रासस) ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सहभागी सांसदहरुले मुलुकको विभिन्न समसामयिक विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको विशेष समयमा बौल्दै उहाँहरुले नयाँ नक्साअनुसार नेपालको भूमि फिर्ता गर्न सबै एकजुट भएर पहल गर्नुपर्ने सुझावसमेत दिनुभयो ।

सो अवसरमा नेपाली कांग्रेसका पुष्पा भूषालले सरकारबाट राष्ट्रियता देखाउने र चुच्चे नक्सा हराउने काम भएको भन्दै हालै वितरण गरिएका मान, पदवी र विभूषणमा समेत सो नक्सा नहुनु दुःखद् रहेको बताउनुभयो । उहाँले संसद्बाट पारित चुच्चे नक्सालाई सरकारले पाठचक्रममा राख्न रोकेको भन्ने विषयका सम्बन्धमा जवाफ माग गर्नुभयो । उहाँले एमसिसीलाई सरकारले प्रक्रियाअनुसार संसद्मा टेबल गर्नुपर्ने समेत माग गर्नुभयो ।
जनता सामाजवादी पार्टी नेपालका प्रदीप यादवले नागरिकता पाउने प्रत्येक नागरिकको अधिकार र राज्यले प्रदान गर्नुपर्ने राज्यको दायित्व पनि हो तर अहिले नागरिकतासम्बन्धी नयाँ कानून लामो समयदेखि संसद्मा विचाराधीन हुँदा जनताले समस्या भोग्नुपरेको धारणा व्यक्त गर्नुभयो । उहाँले उक्त विधेयकमा रहेको वैबाहिक अङ्गिकृतसम्बन्धी नागरिकताको व्यवस्था पनि विवादास्पद रहेको बताउँदै त्यसमा रहेको सात वर्षको अवधि हटाउन माग गर्नुभयो ।

नेकपा (एमाले) का नरबहादुर धामीले वर्तमान सरकारले ढिलै भए पनि पहलकदमी गरेर नेपालको गुमेको भूमिलाई नक्सामा समावेश गरेको र सरकारले पुनःनिर्माणमा सन्तोषजनक रुपमा काम गरेको बताउनुभयो । उहाँले सरकारले चीनसँग पारवाहन सन्धि गरेको, देशका विभिन्न स्थानमा नयाँ सडकहरुको निर्माणको शिलान्यास गरेकोलगायत महत्वपूर्ण काम भएको उल्लेख गर्नुभयो । नेकपा (एमाले)का सांसद नवराज सिलवालले संसद्मा बौद्धिक बहस हुनुपर्ने तर टिकाटिप्पणी मात्र बढी हुँदा संसदीय मर्यादामा चोट पुग्ने बताउनुभयो । सरकारले गरेका राम्रा कामको कन्जुस्याई नगरी प्रशंसा गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवालले भारतमा कोभिड-१९ को सङ्क्रमण तीव्ररुपमा फैलिरहेको बताउँदै कोरोना सङ्क्रमण रोक्न नेपालका सीमानामा आवश्यक सतर्कता अपनाउन पर्ने सम्बन्धमा सरकारको ध्यान जानुपर्ने बताउनुभयो ।

यसैगरी नेपाली कांग्रेसका प्रदीप गिरीले अहिलेको सङ्कटको घडीमा मुलुकलाई निकास दिन राजनीतिक दलहरुबीच राष्ट्रिय सहमति कायम गरेर निर्वाचनको वातावरण बनाउनेतर्फ दलहरुको ध्यानाकर्षण गराउनुभयो ।ᒪ उहाँले भन्नुभयो, "अहिले राष्ट्रिय सहमति आवश्यक छ । यहाँ प्रश्न सरकारको नेतृत्व कसले गर्छ भन्ने हैन, संविधानलाई बचाएर अघि बढ्ने हो । सहमति गरेर निर्वाचनको वातावरण बनाउनेतर्फ दलहरुको ध्यानाकर्षण गराउँछु ।" उहाँले संसद्लाई पूरा अवधिभर चल्न दिएर प्रभावकारी बनाउन पनि माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतले संसद्को रक्षा र रखबारी गर्न आफ्नो पार्टीले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता नलिएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सरकारलाई दिएको समर्थनको अर्थ, यो संसद्को रक्षार्थ, जनमत र जनादेशबाट बनेको संसद्लाई असंवैधानिक कदमबाट भङ्ग नहोस् भनेर हो ।" सांसद बस्नेतले पाँच वर्षे जनमत पाएको सरकारले संसद् विघटन गरेर असहज बाटोतर्फ अघि बढेको आरोप लगाउनुभयो ।

माओवादी केन्द्रकै मेटमणि चौधरीले मुलुकमा ठूलो समस्या बनिरहेको भूमि समस्याको समाधानका लागि राष्ट्रियस्तरको समिति गठन गरेर अघि बढेमा दशकौँदेखिको भूमि समस्या समाधान गर्न सकिनेमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले किसानले कमाएको जमीन जमीनदारले हडप्ने कार्य निन्दनीय भएको र हदबन्दीभन्दा बढीको जग्गा नियन्त्रण गर्न तथा गुठीका नाममा रहेका सम्पत्तिको प्रभावकारी व्यवस्थापनमा सरकारले उचित ध्यान नदिएको गुनासो समेत गर्नुभयो ।

# अझै मेलम्चीको पानी वितरण भएन

काठमाडौँ, ३० चैत (रासस) ।

मेलम्चीको पानी वितरण गर्ने भनिएका काठमाडौँ उपत्यकाका कतिपय स्थानमा आवश्यक संरचना नबनेका कारण पानी वितरण हुनसकेको छैन । काठमाडौँ उपत्यकामा चक्रपथभित्र धेरै ठाउँमा खानेपानी वितरण गरिरहे पनि आयोजना कार्यन्वयन निर्देशनालयले संरचना बनाइरहेको स्थानमा अहिले पानी वितरण शुरु हुन नसकेको हो ।

कतिपय स्थानमा पाइप बिच्छ्याउन, लिफ्ट बनाउन वा 'क्रसिङ' मा आवश्यक संरचना बनिनसकेको निर्देशनालयले जनाएको छ । पहिलो चरणमा पानी वितरण हुने स्थानमा मध्यपुर ठिमी, भक्तपुर, कीर्तिपुरलगायतका स्थानमा संरचना बन्न बाँकी भएको काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मिलन शाक्यले बताउनुभयो ।

उहाँका अनुसार चक्रपथभित्र र आसपासका क्षेत्रमा मात्रै अहिले पानी वितरण भइरहेको छ । उहाँले भन्नुभयो, "कीर्तिपुर र भक्तपुर जिल्लामा थप पानी आएपछि र संरचना बनिसकेपछि मात्र पानी वितरण हुनेछ ।" लिमिटेडले कीर्तिपुरमा लिफ्ट बनाइरहेको छ र त्यो बनिसकेपछि त्यहाँ पानी वितरण हुनेछ ।

मध्यपुरमा क्रसिङमा आवश्यक संरचना निर्माण भएको छ । त्यो 'सेटिङ' हुन कम्तीमा २८ दिन लाग्ने निर्देशनालयका सूचना अधिकारी जगत प्रजापतिले बताउनुभयो । उहाँका अनुसार त्यहाँ काम शुरु भएको दुई साता भयो । अबको दुई सातामा पानी वितरण गर्न सकिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "ठिमीको टयाङ्कीमा पानी गइसकेकाले अब दुई हप्तामा त्यस क्षेत्रका बासिन्दाले पनि पानी पाउनेछन् ।"

राष्ट्रिय गौरबको मेलम्ची खोपानी आयोजना निर्माण शुरु भएको दुई दशकमा सम्पन्न भएपछि अहिले उपत्यकामा पानी ल्याइएको छ । मेलम्चीको पानी काठमाडौँसम्म ल्याउन सुरुङ, 'हेडवर्क' र प्रशोधन केन्द्र निर्माणको जिम्मेवारी मेलम्ची खानेपानी आयोजनाको हो । यसमध्ये सुरुङ र प्रशोधन केन्द्र सम्पन्न भएकाले पानी वितरण भइरहेको छ । सुन्दरीजलबाट उपभोक्ताका घर-घरसम्म पानी वितरणका लागि आवश्यक टयाङ्की र पाइपलाइन बनाउने काम आयोजना कार्यन्वयन निर्देशनालयले गरिरहेको छ । पानीको वितरणको काम लिमिटेडले गरिरहेको छ ।

निर्देशनालयले उपत्यकामा १० स्थानमा टयाङ्की निर्माण गर्ने योजना बनाएकामा अहिलेसम्म नौ टयाङ्की निर्माण सम्पन्न भइसकेको छ भने भक्तपुरको कटुञ्जेमा निर्माण भइरहेको छ । यी सबै पोखरीमा निर्देशनालयले परीक्षणसमेत गरिरहेको छ । अहिले उपत्यकामा अधिकांश स्थानमा पुरानै पाइपलाइनबाट पानी वितरण भइरहेको निर्देशनालयले जनाएको छ ।

### *किसानलाई ...*

पेशालाई सुरक्षित बनाउनु अति आबश्यक रहेको उनको भनाई छ ।

किसानको सेवा, पशु धनको सुरक्षितको लागि दरबन्दी कायम गर्नुको साथै निजि क्षेत्रका लागी प्रयोगशाला, पशु बिमा अभिकर्ताको तालिमका कार्यक्रमहरू ल्याउनु पर्नेमा जोड समेत दिए ।

यसैगरी नेपाल पाराभेटेरिनरी एण्ड लाईफस्टक एशोसिएशन प्रदेश २ का संयोजक प्रमेश्वर यादबले पशुजन उत्पादन, पशुको बिकास र पशुको स्वास्थमा पहुँच बढाउनु पर्नेमा जोड दिए । उनले कृषकलाई सेवा पुऱ्याउने लक्ष्य लिएको नेभ्ला संस्थाले पशुपालन, कृषकलाई राज्यबाट सुविधा, बृद्धि बिकासका लागि एक गाउँ एक प्राबिधिक राख्न महत्वपुर्ण कार्य गर्दै आएको बताए ।

बद्री नारायण मण्डलको अध्यक्षतमा आयोजित कार्यक्रममा केन्द्रीय अध्यक्ष रामप्रसाद मेहता, प्रदेश १ नेभ्लाका संयोजक योगेन्द्र यादब, निजामति कर्मचारी संघ जिल्ला अध्यक्ष रामनारायण महतो, राजबिराज भेटेरिनरी बिज्ञ केन्द्रका डा. प्रभाष झा, निजामति अधिकारिक ट्रेड युनियन जिल्ला अध्यक्ष अजय झा, नेभ्लाका केन्द्रिय सदस्य सत्य नारायण चौधरी लगायतले पशुजन उत्पादन बढाउनका लागि किसानलाई अनुदान नभई जिरो प्रतिशत ब्याजमा ऋण उपलब्ध गराई पशुजन उत्पादन र बिकास गर्नुपर्नेमा जोड दिए ।

नेपाल पाराभेटेरिनरी एण्ड लाईभस्टक एशोसिएशन जिल्ला कार्य समिति १० औ जिल्ला अधिवेशनबाट सोमबारै नयाँ कार्यसमिति चयन गरिने प्रदेश २ का संयोजक प्रमेश्वर यादबले जानकारी दिए ।

### *कोशी पीडितलाई ...*

प्राङ्गणबाट माओवादी केन्द्र सप्तरीका अध्यक्ष अशोक कुमार मण्डल नेतृत्वको जुलुसले मागसहितको सो ज्ञापन पत्र जिल्ला प्रशासन कार्यालयमा बुझाएको हो ।

बुझाइएको ज्ञापनमा कोशी ब्यारेज निर्माणको समयमा भारत सरकारसँग भएको पीडित किसानलाई मुआब्जा दिने सम्झौता कार्यान्वयन गर्न माग गरिएको छ । जिल्ला प्रशासन कार्यालय, मालपोत, भूमिसुधार, नापी शाखा, आन्तरिक राजश्व कार्यालय लगायतका सरकारी अड्डाहरुमा भिडभाड नियन्त्रण गरी छिटो छरितो सेवा लागु गर्न माग समेत गरिएको छ ।

अड्डाहरुमा बिचौलिया र दलालहरुको प्रभावलाई नियन्त्रण गरि भ्रष्टाचार उन्मुलन गराउन तथा सेवाग्राहीसँग सम्बन्धीत निकायले सूचना प्रवाह गर्दा निकायका बेनती व्यक्तित्वबाट सभ्य भाषा प्रयोग गर्न लगाउन माग पनि गरिएको छ ।

यस्तै स्थानिय पालिकाहरुले गरेको बजेट बिनियोजन, खर्च गर्ने बिधी, खरीद बिक्रि लगायतका सम्पूर्ण कामकाजलाई कडाईका साथ सूचना प्रवाह, स्थानिय पालिका लगायतका सेवा प्रवाह गर्ने निकायले आफ्नो वेवसाइट अपडेट राख्न लगाउने तथा सिचाईसँग आवद्ध कोशी पम्प नहर लगायतका निकायले किसानको माग अनुसार पानी बितरण गर्न लगाउन माग गरिएको छ ।

कोभिड १९ को बेला भएको खर्चको आय ब्यय प्रस्तुत गर्न तथा प्रमुख जिल्ला अधिकारीको मातहतमा सर्वपक्षीय, सर्वदलिय अनुगमन समिति गठन गरी मासिक रुपमा छड्के प्रणाली अवलम्बन गरी निगरानी गर्न माँग गरिएको छ ।

सो ज्ञापनपत्र बुझ्दै प्रशासीकय अधिकृत किशोर रामले प्रमुख जिल्ला अधिकारीलाई माग बारे जानकारी गराउने र कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता जनाए । सो अवसरमा माओवादी केन्द्रका प्रदेश सदस्य महेश प्रसाद यादव, छेदी रजक, जयप्रकाश यादव लगायतका नेता कार्यकर्ताहरुहको उपस्थिति रहेको थियो ।

# नेपालमा नयाँ खालको कोभिड-१९ को भाइरस

काठमाडौँ, ३० चैत (रासस)।

कोभिड-१९ को नयाँ स्वरुपको भाइरस देखापरेपछि सतर्कता अपनाउन विज्ञहरुले सुझाव दिएका छन्। पहिलेको भन्दा कडा खालको भाइरस रहेकाले विज्ञहरुले सतर्कता अपनाउन सुझाव दिनुभएको हो। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले अहिले देखिएको भाइरसले कडा खालको रहेकाले सर्तकता अपनाउनु आग्रह गर्नुभयो। "पहिल्यैकै भाइरसको नयाँ स्वरुपमा अहिलेको भाइरस देखिएको छ। यसको अर्को मानिसमा सार्न सक्ने क्षमता पनि बढी हुन्छ", उहाँले भन्नुभयो, "त्यसैले स्वास्थ्यका मापदण्ड अपनाई भाइरस सर्नबाट बच्नुपर्दछ।"

भाइरसको पहिलेकै जस्तै लक्षण देखिने गरे पनि मृत्यु हुने दर पनि बढिरहेको उहाँको भनाइ छ। सङ्क्रमितबाट यस भाइरस सार्ने सम्भावना ७० प्रतिशत हुने गरेको छ। सङ्क्रमणबाट बच्न खोपभन्दा पनि भौतिक दूरी कायम राख्ने, मास्क लगाउने, स्यानिटाइजर प्रयोग गर्ने र साबुन पानीले बारम्बार हात धुनु पर्दछ। अस्पतालका प्रवक्ता डा अनुप बाँस्तोलाले मापदण्ड पालना नगर्दा अहिलेको भाइरस देखिएको बताउनुभयो। उहाँका अनुसार विद्यालय, भीडभाड हुने ठाउँ, पार्टीप्यालेस, गाडी जस्ता ठाउँबाट भाइरस फैलिने गरेको बताउनुभयो।

अहिले देखिएको भाइरस बालबालिका, युवा र ५० वर्षमुनिका व्यक्तिलाई पनि देखिने गरेको छ। पछिल्लो एक महिनादेखि यस कडा खालको भाइरसले गर्दा बिरामी पनि ह्वात्तै बढेको पाइन्छ। नयाँ खालको भाइरसले गर्दा अहिले दैनिक सङ्क्रमित बढिरहेका छन्। हिजो मात्र ३०३ सङ्क्रमित देखिएका छन्।

अहिले देशभर ८९ जना सघन उपचार कक्ष (सघन उपचार केन्द्र) र १५ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन्। काठमाडौँका सशस्त्र प्रहरी बल अस्पतालमा आइसियुमा नौ जना, नेपाल प्रहरी अस्पतालमा एक जना, शुक्रराज ट्रपिकलमा आठ जना, त्रिवि शिक्षण अस्पतालमा दुई, पाटन अस्पतालमा तीन, ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालमा छ र ह्याम्स अस्पतालमा नौ जनाको उपचार गराइरहेका छन्।

यस्तै शुक्रराज ट्रपिकल अस्पतालमा चार, शिक्षण अस्पतालमा एक, पाटन अस्पतालमा पाँच र ह्याम्स अस्पतालमा एक जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ। अस्पतालका प्रवक्ता डा बाँस्तोलाले समुदायस्तरमा यस खालको भाइरस ह्वात्तै बढेको बताउनुभयो। उहाँले यस किसिमको भाइरसको लक्षण लामो समयसम्म रहने, यही नै लक्षण हो भन्ने पनि पहिचान गर्न नसकिने बताउनुभयो। सङ्क्रमितलाई चाँडै नै निमोनिया हुने सम्भावना पनि रहेको हुन्छ। पहिलेको भाइरसभन्दा यस भाइरसले १.६ प्रतिशत मृत्युदर पनि बढी गराउने उहाँको भनाइ छ।

यस्तै कोभिड-१९ को गत वर्ष पाँच प्रतिशत बालबालिका सङ्क्रमित भएका थिए भने अहिले १५ देखि २० प्रतिशत बालबालिका देखिएको उहाँले बताउनुभयो। बालबालिकामा ज्वरो, झाडापखला, रुघा लाग्ने जस्ता लक्षण देखिएका छन्। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा कृष्ण पौडेलले नेपालमा नयाँ खालका भाइरस बढ्दो रुपमा फैलिरहेको बताउनुभयो। उहाँका अनुसार अहिले नमूना परीक्षण गर्दा २०० भन्दा बढी व्यक्तिमा नयाँ खालका भाइरस रहेको बताउनुभयो।

**भाइरस पत्ता लगाउन जीन सिक्वेन्सिङ**

अहिले नेपालमा देखिएको भाइरस नयाँ खालको भए पनि कस्तो किसिमको हो भन्ने अझै पत्ता लागिसकेको छैन। "नमूना परीक्षणमा भाइरसको नयाँ प्रकारको मात्रा देखिएको छ" उहाँले भन्नुभयो, "परीक्षणका क्रममा भाइरसको 'एस' जीन नेगेटिभ देखिएकाले भाइरस साँच्चीकै नयाँ भाइरस भन्ने छ। अणुवांशिक (जीन सिक्वेन्सिङ)को पूरा मात्रा परीक्षण गरेर कस्तो भाइरस हो भन्ने पत्ता लाग्दछ।"

नेपालमा यस खालको भाइरसको जीन सिक्वेन्सिङको पूरा मात्राको परीक्षण गर्न जनशक्ति र प्रयोगशाला नभएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएका उपकरणले भाइरसको जीन सिक्वेन्सिङ गर्ने तयारी भइरहेको बताउनुभयो।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका सूचना अधिकारी राजेश गुप्ताले जीन सिक्वेन्सिङको परीक्षणका लागि उपकरण ल्याउन थालिएको जानकारी दिनुभयो। उहाँले उपकरण आइसकेपछि एक हप्तामा जीन सिक्वेन्सिङको परीक्षण नेपालमा हुने जानकारी दिनुभयो। अहिले विश्व स्वास्थ्य सङ्गठनको समन्वयमा जीन सिक्वेन्सिङका लागि हङ्कङमा नमूना पठाइने गरिएको छ।

# सिटिजन्स बैंकका ग्राहकहरुले किङ्गसलाउञ्जमा विशेष छुट पाउने

**दैनिक समाचारदाता**
**काठमाडौं, ३० चैत।**

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड र दरबारमार्ग स्थित किङ्गस् लाउञ्जबीच सिटिजन्स बैंकका कार्डवाहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ।

किङ्गस्लाउञ्जसँगको यो सहकार्य पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरु लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

हालसम्म सिटिजन्स बैंकको कार्ड नभएका ग्राहकहरुलाई तत्कालै नयाँ कार्ड उपलब्ध गराउन बैंकले इन्स्ट्यान्ट कार्डको व्यवस्थापनि गरेको छ। साथै बैकले हालैमा यूएसडी इ-कम कार्डको सुरुवात गरेको छ जस अन्तर्गत ग्राहकहरुले आफ्नो सिटिजन्स बैंकको खातामा रहेको नेपाली रुपैयाँलाई सटही गरी बार्षिक ५०० अमेरिकी डलर बराबर सम्मको रकम कार्डमालोड गर्न सक्नेछन्।

यसरी लोड गरिएको रकम बिदेशी मुद्रामा अनलाईन मार्फत वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्न प्रयोग गर्न सक्नेछन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १६७ वटा शाखा, ११३ वटा ए.टि.एम. र १०७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट करिव साढे नौ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले नविनतम प्रविधिको अधिकतम प्रयोग गर्दै आफ्ना



आदरणीय ग्राहक महानुभावहरुको वित्तीय आवश्यकताहरु डिजिटली च्यानलको माध्यमबाट प्रदान गरिरहेको छ।

यसलाई मूर्त रुप प्रदान गर्न बैंकले चेकको प्रयोग नगरी मोबाइल बैंकिङ्ग एपमा लग-ईन गरेर काउन्टरमा भएको क्यू आर कोड स्क्यान गरी खाताबाट रकम झिक्न स्क्यान एण्ड ह्विथड्र सेवा, मोबाइल बैंकिङ्गको पिन नं बिर्सेमा बैंकको शाखामा गएर निवेदनदिने झन्झट नगरी घरबाटै पिन रिसेट गर्न सकिने जस्ता सेवाहरुको थालनि गरेको छ।

यस प्रकारको सेवाबाट डिजिटल बैंकिङ्ग सभ्यताको विकासमा टेवापुग्ने विश्वास बैंकले लिएको छ। व्यवसायिक ज्ञानको कमि, वित्तीय बजारको यथार्थ जानकारी नहुनु, नीति, नियम र प्रणालीसंग परिचित नहुनु तथा व्यवसायिक तालिम र अभिमुखीकरणको अपर्याप्तता, उचित परामर्शको अभाव, वित्तीय साक्षरता र पहुँचको कमीले लगानी योग्य पुंजी सदुपयोग हुन नसकेको परिस्थितिलाई न्युनिकरण गर्न यस बैंकले वित्तीय साक्षरताका कार्यक्रमहरुका साथ साथै सुलभ र सहजतवरले सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएको छ।

# म्यानमारको हत्या, दमनविरुद्ध शान्ति समाजले निरन्तर अभियान चलाउने

काठमाडौँ, ३० चैत (रासस)।

मानवअधिकार तथा शान्ति समाज केन्द्रीय कार्यसमितिको बैठकले बर्मेली नागरिकको जीवन रक्षा एवं शान्ति र लोकतन्त्र बहालीका लागि ऐक्यबद्धतास्वरुप थालेको अभियानलाई तीव्रता दिने निर्णय गरेको छ। समाजको नुवाकोटमा सम्पन्न बैठकले यस्तो निर्णय गरेको महासचिव रामकृष्ण बरालले राससलाई जानकारी दिनुभयो।

समाजले बर्मामा भइरहेको हत्या र दमनविरुद्ध नुवाकोटको सदरमुकाम विदुरमा प्रदर्शनसमेत गरेको छ। समाजको नुवाकोट शाखाले चैत २३ गतेदेखि शुरु गरेको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत विश्व शान्ति, मानव अधिकार र जलवायु परिवर्तनका विषयमा केन्द्रित रही छ वटा शैक्षिक प्रतिष्ठानमा सचेतना कार्यक्रम, साङ्केतिक रुपमा नगर तथा नदी सफाइ, शान्ति काव्य प्रवाह र दण्डहीनताविरुद्ध अन्तर्क्रिया कार्यक्रम गरेको उहाँले बताउनुभयो।

अन्तर्क्रियामा समाजका संस्थापक सभापति कृष्ण पहाडी, सभापति गोविन्द खनाल, सल्लाहकार उत्तम पुडासैनी, उपसभापति रत्नलक्ष्मी श्रेष्ठ, सचिव रामप्रसाद जोशी, नुवाकोट सभापति नारायण श्रेष्ठलगायतले शान्ति, लोकतन्त्र र न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि निरन्तर अभियान चलाउने प्रतिबद्धता जनाउनुभएको थियो।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### यमनको माारिब प्रान्तमा भएको भिडन्तमा ४७ जनाको मृत्यु

आडेन, ३० चैत (रासस-सिन्ह्वा)।

यमनको मारिब क्षेत्रमा गएको २४ घन्टाभित्र भएको हिंसामा परी कम्तीमा पनि ४७ जनाको मृत्यु भएको बताइएको छ। सो क्षेत्रमा विगत लामो समयदेखि हिंसा जारी रहेको पनि बताइएको छ। द्विपक्षीय भिडन्तमा परेर ती ४७ जनाको गएको २४ घन्टा यता निधन भएको समाचारमा उल्लेख गरिएको छ।

उत्तरी यमनको सो मारिब प्रान्तमा हुथी विद्रोही समूहले आक्रमण गर्ने गरेका छन्। त्यस क्षेत्रमा सरकारी सेनाले पछिल्लो समयमा हुथी विद्रोहीहरुका विरुद्धमा आक्रामक रुमपा कारबाही प्रक्रिया अघि बढाएको बताइएको छ।

सो क्षेत्रमा साउदी अरेबियाको सहयोगको सैन्य समूहले हवाई कारबाही पनि गरेको छ। पछिल्लो समयमा भएको सो हवाई कारबाहीबाट नै ती विद्रोही मारिएका छन्।

पछिल्लो २४ घन्टामा पनि साउदी नेतृत्वको सेनाले गरेको हवाई आक्रमणमा परेर २५ जना हुथी व्रिद्रोही मारिएका छन्। उता हुथी विद्रोहीले यमनको सेनामाथि पनि हमला गरेका छन्। त्यसमा परेर कम्तीमा पनि २० जना सेना मारिएका स्थानीय अधिकारीले जनाएका छन्। ती अधिकारीले पछिल्लो समयमा विद्रोहीहरुको निसानामा सर्वसाधारण नागरिक पनि पर्ने गरेको बताएका छन्।

हुथी विद्रोहीहरुको आक्रमणमा परेर सर्वसाधारण नागरिकको ज्यान गएको बताइएको छ। गत शनिबार पनि सो क्षेत्रमा सरकारी सेना र हुथी विद्रोहीबीच ठूलो भिडन्त भएको छ।

तेलका लागि धनी सो क्षेत्रमा विगत लामो समयदेखि यहाँका विद्रोहीहरुले तेल कब्जा गर्नका लागि भिडन्त गर्ने गरेका छन्।तर यहाँको सरकारी सेनाले पनि यहाँको स्थानीय सरकार र स्थानीय विभिन्न जातिहरुसँग मिलेर विद्रोहीहरुका विरुद्धमा सशक्त कारबाही गर्ने गरेको छ।

### भारतमा कोभिड-१९ बाट मृत्यु हुनेको संख्या एक लाख ७० हजार नाघ्यो

नयाँदिल्ली, ३० चैत (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरसको सङ्क्रमणको कारण एकैदिनमा ९०४ जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुने व्यक्तिको सख्या १ लाख ७० हजार नाघेको छ। कोरोना शुरु भएयता हालसम्म भारतमा एक लाख ७० हजार १७९ जनाको मृत्यु भएको केन्द्रीय सरकारले सोमबार जानकारी दिएको छ।

गत २४ घण्टामा भारतमा १ लाख ६८ हजार ९१२ जनामा थप व्यक्तिमा कोरोना भाइरस सङक्रमण देखिएको छ। यो संख्या भारतमा कोरोना भाइरस शुरु भएयता कै सब भन्दा धेरै भएको सरकारी स्रोतले सोमाबार जनाएको छ। पछिल्लो केहीदिनदेखि भारतमा दैनिक एक लाखभन्दा बढी सङ्क्रमित भएका छन्। यो तथ्याङ्कले भारतमा नयाँ सङ्क्रमितहरुको सख्या दैनिक रुपमा बढ्दै गएको देखाएको छ।

आइतबार भाइरस सङ्क्रमणको कारण ९०४ जनाको मृत्यु भएको छ। यसवर्ष शुरु भएपछि हालसम्मको तथ्याङ्कलाई हेर्दा यो संख्या सब भन्दा उच्च हो। भारतका कुल सङ्क्रमितको संख्या १ करोड ३५ लाख २७ हजार ७१७ जना भएको जनाइएको छ।सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या १२ लाख १ हजार भन्दा बढी रहेको छ। यद्यपी एक करोड २१ हजार ५७ हजार भन्दा बढी कोरोना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ बाट कोरोनाविरुद्ध खोपको शुरुवात भएको थियो। सो समयदेखि हालसम्म १० करोड ४५ लाख २८ हजार ६६५ व्यक्तिहरु खोप लगाइसकेका छन्।

### आङ सान सुकीमाथी ६ नयाँ आरोप

याङ्गुन, ३० चैत (रासस/एएफपी)।

म्यान्मारमा सेनाको 'कू' पछि अपदस्थ गरिएका नागरिक नेता आङ सान सुकीलाई सोमबार नयाँ फौजदारी अभियोग लगाइएको उहाँका वकीलले जानकारी दिएका छन्।

उहाँमाथि ६ वटा थप मुद्दामा अभियोग लगाइएको छ। न्यापिटअ पाँच र याङ्गु एउटा मुद्दा लगाइएको उहाँका वकील मीन मीन सो एएफपीलाई बताएका छन्। पछिल्लो आरोप मुलुकको प्राकृतिक प्रकोप व्यवस्थापन कानून अन्तर्गत रहेको पनि वकीलले थप जानकारी दिएका छन्।

म्यान्मारको उत्तरपूर्वी बगो सहरमा सैन्य शासनविरुद्ध भएको प्रदर्शनमा सेनाले प्रत्यक्ष बल प्रयोग गर्दा हिजो मात्र कम्तीमा ८० जनाको मृत्यु भएको थियो।म्यान्मारमा गत माघ १९ मा देशको शासनसत्ता आफ्नो हातमा लिएपछि सेनाको कारबाहीमा ६०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ।

सेनाले निर्वाचनका बेला ब्यापक धाँधली भएको दाबी गर्दै आएको छ। उक्त चुनावमा आङ सान सुकी र उहाँको 'नेशनल लिग फर डिमोक्र्यासी' दल निर्वाचित भएको थियो। निर्वाचन आयोगले धाँधलीको उक्त दाबीलाई खारेज गरिदिएको थियो।

# माओवादी केन्द्रले चार प्रदेशसभा सदस्यलाई गर्‍यो बर्खास्त



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३० चैत ।**

प्रदेश २ का चार जना प्रदेशसभा सदस्यलाई माओावदी केन्द्रले बर्खास्त गरेको छ । नेकपा एमालेमा लागेको भन्दै ती चार जना प्रदेशसभा सदस्यलाई बर्खास्त गरिएको हो ।

नेकपा एमालेमा लागेको भन्दै पार्टीको केन्द्रीय समितिले रामचन्द्र मण्डल, ज्वाला साह, कुन्दनप्रसाद कुशवाहा र मोहम्मद समीरसँग स्पष्टीकरण सोधेको तर २४ घण्टा भित्र स्पष्टिकरणको जवाफ नदिएपछि उनीहरुलाई बर्खास्त गरिएको जनाइएको छ ।

बर्खास्त भएसँगै चारै जनाको सांसद पद समेत गुमेको छ । चारजना सांसदलाई बर्खास्त गरेको पत्र नेकपा माओवादी केन्द्रले प्रदेश सभालाई समेत बुझाएको छ ।

प्रदेशमा माओवादीका ११ जना सांसद रहेकोमा अब ७ जना सांसदमात्रै रहने भएका छन् ।

# पहिलो महाधिवेशनबाट डा. सीके राउतको नेतृत्वमा नयाँ कार्यसमिति चयन

**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

जनमत पार्टीको पहिलो महाधिवेशनबाट डा. सीके राउतको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

जनकपुरधाममा सम्पन्न पहिलो महाधिवेशनले निर्वाचनका माध्यमबाट डा. राउतको नेतृत्वमा सो कार्यसमिति चयन गरेहको हो ।

निर्वाचनबाट उपाध्यक्ष पदमा मोहम्द अब्दुल खान, ई. बसन्त कुशवाहा, ई. दीपक कुमार साह र ई. नरेन्द्र प्रसाद चौधरी विजयी भएका छन् भने महासचिवमा चन्दन कुमार सिंह निर्वाचित भएका छन् ।

यस्तै सदस्यहरुमा रौतहटका डा. सुवन्त कुमार कुशवाहा र ललिचतचन्द्र मल्लिक, सिरहाका संजय कुमार यादव र रामकुमार यादव, रुपन्देहीका भोगेन्द्र प्रसाद



यादव, सुनसरीका भवानी महतो र सिताराम पण्डित, सप्तरीका सुरेन्द्र शर्मा र मदनेश कुमार चौधरी, सर्लाहीका नरेश प्रसाद कुशवाहा र राजेन्द्र राय, महोत्तरीका बिरेन्द्र महतो र संजय कुमार यादव निर्वाचित भएका छन् ।

यसैगरि नवलपरासीका बालगोबिन्द चौधरी, धनुषाका इन्द्रजीत यादव र डा. विनय कुमार पंजियार, बाराका ओमप्रकाश साह र सुनिल कुमार यादव, बाँकेका विष्णु प्रसाद यादव र इरफान अहमद शेख, रुपन्देहीका रामकेश गुप्ता, मोरङका परमेश्वर मुर्गु, कपिलवस्तुका योगेन्द्र चौधरी सदस्य पदमा निर्वाचित भएका छन् ।

महिला सदस्यमा सिरहाकी अनिता कुमारी मण्डल, धनुषाकी अनितादेवी साह, महोत्तरीकी अन्जनीदेवी मण्डल, सप्तरीकी बविता कुमारी राउत र जुलेखा विवी, सुनसरीकी आशा कुमारी मेहता, दाङकी राधा कुमारी यादव र झापाकी कौशिला देवी महतो निर्वाचित भएका छन् ।

यता बाँकी पदाधिकारी निर्वाचितमध्येबाटै चयन गरिने निर्वाचन प्रमुख संजय कुमार सिंहले जानकारी दिए ।

# विद्यालय बन्द नगर्न सरकारलाई सुझाव

काठमाडौँ, ३० चैत (रासस) ।

कोरोना सङ्क्रमणको जोखिमबाट बच्न भन्दै विद्यालय बन्द नगर्न सरोकारवालाले सरकारलाई सुझाव दिएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सोमबार आयोजना गरेको छलफलमा सरोकारवालाले कोरोना सङ्क्रमण जोखिमलाई न्यूनीकरण गर्न सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न सुझाव दिएका हुन् ।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष अशोककुमार ब्यान्जू श्रेष्ठले कोरोनाको महामारी देखाएर केन्द्र सरकारले विद्यालय बन्द गर्न निर्णय नगरी स्थानीय सरकारलाई जिम्मा दिनुपर्ने बताउनुभयो । उहाँले कोरोना सङक्रमणको जोखिम कुनै ठाउँमा पर्‍यो भन्दैमा केन्द्र सरकारले सबै ठाउँका विद्यालय बन्द गर्न नहुने र त्यसको अधिकार स्थानीय सरकारलाई दिनुपर्नेमा जोड दिनुभयो ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याप्सन) का अध्यक्ष टीका पुरी र राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (एन प्याप्सन) का महासचिव सुवास न्यौपानेको पनि जोखिम न्यूनीकरण गर्न सावधानी अपनाउनुपर्ने तर विद्यालय बन्द नगर्ने सुझाव थियो । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले कोरोनाको प्रभाव सबैतिर एकनास नहुने भएको हुँदा क्षेत्रगत रुपमा निर्णय लिनुपर्ने सुझाव दिनुभयो । सामुदायिक विद्यालय केन्द्रीय महासङ्घका अध्यक्ष कृष्ण थापा र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष भीमप्रसाद सुवेदीले स्वास्थ्य सुरक्षाका मापदण्डलाई कडाइका साथ पालना गरेर विद्यालय सञ्चान गर्न सुझाव दिनुभयो ।

## *म्यानमारको हत्या ...*

समाज केन्द्रीय कार्यसमिति बैठकले सल्लाहकारमा समाजका पूर्व सभापति होमकान्त चौलागाईंलाई नियुक्त गरेको छ भने पूर्व सभापति उत्तम पुडासैनी पदेन सल्लाहकार हुनुहुन्छ ।

बैठकले समाजको विधान अनुसार छजना केन्द्रीय सदस्यमा किरण ढकाल काठमाडौँ, कृष्णनारायण श्रेष्ठ (नवलपरासी पश्चिम), सुदिप रिजाल (मोरङ), दुर्गा राना मगर ( काठमाडौँ), उमा गौतम (काठमाडौँ) र गणेश पौडेल (रौतहट) लाई नियुक्त गरेको छ । यसैगरी अनुशासन समितिको संयोजकमा डिकप्रसाद घिमिरे एवं सदस्यमा लालहरि पाण्डे र दुर्गा देवकोटा तथा सदस्यता अपिल समितिको संयोजकमा बलबहादुर गाहा मगर तथा सदस्यमा भूमिश्वर गौतम र ईश्वरा लिङ्देनलाई नियुक्त गरेको छ ।


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

## यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

## महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको
  स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*